**19th of dec 2024**

**यो आकाशवाणी हो**

**समाचार अनुशीला शर्माबाट सुन्नुहोस**
**शुरु गरौं आजका मुख्य समाचारहरुबाट**

- **दुवै सदनको कार्यवाही डा. बीआर अम्बेडकरबारे गृहमन्त्रीको टिप्पणीका कारण अवरुद्ध**
- **भाजपाले गर्यो राहुल गान्धीविरुद्ध पुलिसमा उजुरी दर्ता**
- **हरित राजमार्ग नीति अन्तर्गत बहसठ हजार किलोमिटर क्षत्रमा वृक्षारोपण सम्पन्न भएको नितीन गडकरीको दावी**
- **भारत र चीनबीच सम्बन्ध सुधारका लागि सहमति, संयुक्त राष्ट्रसङ्घका महासचिवले गर्नुभयो यस पहलको स्वागत**
- **मुम्बईमा नाव दुर्घटना: खोज र उद्धार कार्य जारी**

**अब समाचार विस्तारमा**

**दुवै सदनको कार्यवाही डा. बीआर अम्बेडकरबारे गृहमन्त्री अमित शाहको टिप्पणीका कारण अवरुद्ध**

संसदका दुवै सदनको कार्यवाही आज डा. बीआर अम्बेडकरबारे गृहमन्त्री अमित शाहले दिएका टिप्पणीका कारण अवरुद्ध भयो। यो लगातार दोस्रो दिन हो, जब लोकसभा र राज्यसभामा कुनै महत्त्वपूर्ण कार्य अघि बढ्न सकेन। बिहाननै स्थगित गरिएको लोकसभा, दिउँसो 2 बजे पुन: सुरु हुँदा, कांग्रेस, डीएमके, समाजवादी पार्टी र अन्य विपक्षी सांसदहरू सदनको बीचमा आएर विरोध जनाए। केही सांसदहरू गृहमन्त्रीविरुद्ध नारा लगाउँदै सभाध्यक्षको आसनसम्म पुगे। यस पछि शोरगुलका बीच पीठासीन अधिकृतले सदनको कार्यवाही पूरै दिनका लागि स्थगित गर्नुभयो। बिहान सदन सुरु हुँदा विपक्षी दलहरूले अमित शाहको टिप्पणीको विरोध गर्दै प्रदर्शन गरे। यसपछि सभाध्यक्ष ओम बिर्लाले सदनको कार्यवाही दिउँसो २ बजेसम्मका लागि स्थगित गर्नुभयो। राज्यसभामा पनि यस्तै अवस्था देखियो। दिउँसो २ बजे पुन: कार्यवाही सुरु हुँदा, संसद भवन परिसरमा भएका प्रदर्शनका क्रममा दुई भाजपा सांसद घाइते भएको घटनाबारे चर्चा भयो। भाजपा सांसद फंगनोन konyak-ले लोकसभा विपक्षी नेता राहुल गान्धीमाथि दुर्व्यवहारको आरोप लगाउनुभयो। यसका लागि संसदीय कार्य मन्त्री किरेन रिजिजुले राहुल गान्धी र कांग्रेसलाई माफी माग्न आग्रह गर्नुभयो। सभापति जगदीप धनखडले सुश्री कोन्याकको गुनासोबारे अनुसन्धान हुने आस्वासन दिनुभएको छ। विपक्षी सांसद तिरुचि शिवाले ती आरोपहरु अस्वीकार गर्दै सत्तारुढ दलले घटनालाई एकतर्फी ढंगले प्रस्तुत गरिरहेको दाबी गर्नुभयो। सभापतिले गृहमन्त्रीका टिप्पणी र अन्य मुद्दामा विपक्षी सांसदहरूले दिएका स्थगन प्रस्ताव अस्वीकार गरेपछि सदनमा थप हंगामा भयो। विपक्षी दलका सदस्यहरूले नाराबाजी गरे, जसका कारण कार्यवाही पुन: दिउँसो 2 बजेसम्म स्थगित गरियो।

**भाजपाले र्यो राहुल गान्धीविरुद्ध पुलिसमा उजुरी दर्ता**

भारतीय जनता पार्टीले आज संसद भवनमा भएको विरोध प्रदर्शनका क्रममा झडप र उक्साहटको कारण पार्टीका दुई सांसद घाइते भएको घटनालाई लिएर कांग्रेसका वरिष्ठ नेता राहुल गान्धीविरुद्ध दिल्ली पुलिसमा उजुरी दर्ता गरेको छ। भाजपाका वरिष्ठ नेता अनुराग ठाकुरले संसद मार्गको पुलिस थानामा दर्ता गराइएको उजुरीमा संसद बाहिर आज भएको घटनाको विस्तृत वर्णन गरेको बताउनुभयो। उहाले जानकारी दिएअनुसार यो घटना त्यतिबेला भयो जब एनडीएका सांसदहरू शान्तिपूर्ण रूपमा प्रदर्शन गर्दै थिए। अनुराग ठाकुरका अनुसार जब सुरक्षा बलले राहुल गान्धी र अन्य विपक्षी दलका सांसदहरूलाई संसद प्रवेश गर्न निर्धारित मार्गबाट जान अनुरोध गरे, उनीहरूले आफ्नो आक्रोश देखाए र उक्त निर्धारित मार्गबाट गएनन्। उता, कांग्रेस सांसदहरूको एउटा प्रतिनिधिमण्डल पनि पुलिस थानामा पुगेर भाजपा विरुद्ध उजुरी दर्ता गरायो। पार्टीका

वरिष्ठ नेता दिग्विजय सिंहले जानकारी दिएअनुसार बी.आर. अम्बेडकरको प्रतिमाबाट संसदको मकर द्वारसम्म विरोध मार्च निकाल्ने कुरा तय भएको थियो, तर भाजपा नेताहरू त्यहाँ भेला भएर हंगामा गर्न थाले। दिग्विजय सिंहले आरोप लगाउनु भयो कि यो घटना बी.आर. अम्बेडकरविरुद्ध गरिएका कथित अपमानजनक टिप्पणीबाट जनताको ध्यान हटाउन गरिएको प्रयास हो।

**हरित राजमार्ग नीति अन्तर्गत बहसठ हजार  किलोमिटर क्षेत्रमा वृक्षारोपण सम्पन्न भएको नितीन गडकरीको दावी**

सडक यातायात र राजमार्ग मन्त्री नितिन गडकरीले 2015 को हरित राजमार्ग नीतिअनुसार सबै राष्ट्रिय राजमार्ग परियोजना क्षेत्रहरूमा वृक्षारोपण भइरहेको जानकारी दिनुभएको छ।उहाले लोकसभामा जानकारी दिँदै अहिलेसम्म राष्ट्रिय राजमार्गहरूमा बहसठ हजार किलोमिटरभन्दा बढी क्षेत्रमा वृक्षारोपण सम्पन्न भएको बताउनु भयो श्री गडकरीले भन्नुभयो, हरित राजमार्ग नीतिले वृक्षारोपण, नर्सरी विकास, संरक्षण र सम्बन्धित गतिविधिहरूबाट पर्याप्त प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ। यसबाट मुख्य रूपमा ग्रामीण समुदायहरूलाई फाइदा पुग्नेछ, जसमा स्वयं सहायता समूह, राष्ट्रिय ग्रामीण आजीविका मिशन र राज्य ग्रामीण आजीविका मिशनसँग सम्बन्धित महिला र कमजोर समूहहरू समावेश हुनेछन्।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**विश्वका 26 देशहरूले भारतीय पासपोर्ट धारकहरूलाई भिसा मुक्त प्रवेशको सुविधा दिन्छन्**

केन्द्र सरकारले जनाएको छ कि विश्वका 26 देशहरूले भारतीय पासपोर्ट धारकहरूलाई भिसा मुक्त प्रवेशको सुविधा दिन्छन् भने 40 देशहरूले आगमनको क्रममा भिसा प्रदान गर्छन्। राज्यसभामा लिखित उत्तर दिने क्रममा विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले भारतले नेपाल, भूटान र माल्दिभ्सका नागरिकहरूलाई भिसा मुक्त प्रवेशको सुविधा उपलब्ध गराएको बताउनुभयो। उहाँले बताएअनुसार, माल्दिभ्सका ती नागरिकहरू, जो पर्यटन, चिकित्सा र व्यवसायिक उद्देश्यका लागि भारत यात्रा गर्न चाहन्छन् र जसको भारतमा बसाइ अवधि विगत 6 महिनामा 90 दिनभन्दा कम छ, उनीहरूलाई पूर्व भिसाको आवश्यकता पर्ने छैन।

**भारत र चीनबीच सम्बन्ध सुधारका लागि सहमति, संयुक्त राष्ट्रसङ्घका महासचिवले गरे पहलको स्वागत**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले भारत र चीनबीचको सम्बन्ध सुधार गर्न तथा सीमासम्बन्धी मुद्दाहरूमा सकारात्मक कदम चाल्न सहमति भएकोमा स्वागत व्यक्त गर्नुभएको  छ। पाँच वर्षपछि भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चीनका विदेशमन्त्री वाङ यी, सोमबार बेइजिङमा विशेष प्रतिनिधिहरूको औपचारिक बैठकमा सहभागी भएका थिए। 2020-को सैन्य द्वन्द्वपछि स्थगित भएको यो उच्चस्तरीय परामर्श पुनः सुरु भएको हो। यो बैठक प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका राष्ट्रपति सी जिनपिङबीच अक्टोबरमा, कजानमा भएको सहमतिको परिणामस्वरूप सम्भव भएको हो। सोमबारको बैठकमा भारत र चीनले सीमा क्षेत्रका सहकार्य र आदानप्रदानलाई सकारात्मक दिशा दिने निर्णय गरेका छन्। यसमा कैलाश मानसरोवर यात्रा पुनः सुरु गर्ने, सीमा नदीहरूको डाटा साझेदारी र सीमा व्यापारको पुनः सक्रियता जस्ता मुद्दाहरू समेटिएका छन्।

**मुम्बईमा नाव दुर्घटना: खोज र उद्धार कार्य जारी**

मुम्बईमा भएको नाव दुर्घटनापछि खोज र उद्धार अभियान जारी छ। यो दुर्घटनामा हिजो तीन रक्षा कर्मीसहित 13 जनाको मृत्यु भएको थियो र दुई जना अझै पनि निखोज छन्। घटनाप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारलाई 2 लाख रुपैयाँ र घाइतेहरूलाई 50-50 हजार रुपैयाँको सहायता घोषणा गर्नुभएको छ।

महाराष्ट्रका मुख्यमन्त्री देवेंद्र फडणवीसले मृतकका परिवारलाई 5 लाख रुपैयाँको सहायता उपलब्ध गराइने घोषणा गर्नुभएको छ। भारतीय नौसेनाका अनुसार, इन्जिन परीक्षणमा रहेको नौसेनाको जहाजले नियन्त्रण गुमाउँदा मुम्बईको karang-ja नजिकै एक यात्री नौकासँग ठोक्कीए।

उक्त नौका यात्रुहरूलाई गेटवे अफ इन्डियाबाट एलीफेन्टा टापु लैजाँदै थियो। चार नौसेना हेलिकप्टर, 11 नौसेना विमान, एक तट-रक्षक नाव र तीन समुद्री पुलिस नौकाहरूलाई उद्धार र राहत कार्यमा खटाइएको थियो भने 105 यात्रुलाई उद्धार गरी विभिन्न अस्पतालहरूमा भर्ना गरिएको छ।

**अन्त्यमा मुख्य समाचार फेरी एक पल्ट**

- **दुवै सदनको कार्यवाही डा. बीआर अम्बेडकरबारे गृहमन्त्रीको टिप्पणीका कारण अवरुद्ध**
- **भाजपाले गर्यो राहुल गान्धीविरुद्ध पुलिसमा उजुरी दर्ता**
- **हरित राजमार्ग नीति अन्तर्गत बहसठ हजार  किलोमिटर क्षत्रमा वृक्षारोपण सम्पन्न भएको नितीन गडकरीको दावी**
- **भारत र चीनबीच सम्बन्ध सुधारका लागि सहमति, संयुक्त राष्ट्रसङ्घका महासचिवले गर◌्नुभयो यस पहलको स्वागत**
- **मुम्बईमा नाव दुर◌्घटना: खोज र उद्धार कार्य जारी**

***आकासवाणीबाट सुन्दै हुनुहुन्थयो समाचार पुरा भयो***